बागमती प्रदेश सरकार

# उद्योग वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः ०८२/०८३
चलानी नम्बरः ६५६

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

मिति :-२०८२/०९/१७

**विषयः सूचना सम्प्रेषण सम्बन्धमा।**

श्री उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, बागमती प्रदेश।
श्री उद्योग तथा वाणिज्य कार्यालय (सबै), बागमती प्रदेश ।

प्रस्तुत विषयमा औंद्योगिक व्यवसाय विकास प्रतिष्ठान,त्रिपुरेश्वर,काठमाडौंको च.नं. १३७, मिति २०८२/०९/१४ को "भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन" को सूचना सम्प्रेषण सम्बन्धमा लेखि आएको पत्र यसै साथ संलग्न छ।उक्त पत्रमा उल्लेख भए बमोजिम मिति २०८२/०९/१४ को गोरखापत्रमा प्रकाशित भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना सम्पूर्ण सरोकारवालाहरुमा सम्प्रेषण गरी दिनुहुन आदेशानुसार अनुरोध छ।

........................ ९/१७
(किशोर सापकोटा)
अधिकृत आठौं

श्री प्रशासन शाखा
२०८२/०९/१८

फोन नं.: ०५७-५९०२६४, ०५७-५९०२६६, ईमेलः moiclrbagamati@gmail.com

Scanned with CamScanner

# भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रमका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०९/१४**

भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ बमोजिम दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकास गरी जीवनस्तरमा सुधार ल्याउनका लागि उद्यमशीलता विकास र प्रविधि स्तरोन्नतिमा सहयोग उपलब्ध गराउने कार्यक्रम भएकाले यस कार्यक्रमका लाभग्राहीहरुले यो सूचना प्रकाशित भएको मितिले एक्काइस दिनभित्र उद्यमशीलता विकास तालिमका लागि अनुसूची -१ बमोजिमको ढाँचामा र प्रविधि स्तरोन्नतिमा सहयोगका लागि अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**अनलाइन फारम https://bams.iedi.gov.np मार्फत भर्न सकिनेछ ।**

**फारमको ढाँचा तथा विस्तृत जानकारी प्रतिष्ठानको वेबसाइट https://iedi.gov.np मा उपलब्ध छ ।**

**औद्योगिक व्यवसाय विकास प्रतिष्ठान**
**(An ISO 9001:2015 Certified Institution)**
त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९७७-१-५३६१३३९, ५३६१४६९
**https://iedi.gov.np**

Scanned with CamScanner

# औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

(औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन २०५३ अन्तर्गत स्थापित)

(An ISO 9001:2015 Certified Institution)

त्रिपुरेश्वर, काठमाडौं


पत्र संख्या: ०८२/८३

चलानी नं.: १३८

मिति: २०८२/०९/१४

श्री उद्योग, वाणिज्य, भुमि तथा प्रशासन मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर।

**विषय: भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट स्वीकृत "भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२" बमोजिम दलित समुदायको परम्परागत पेसा, ज्ञान, सीप, कला, संस्कृति तथा प्रविधिको संरक्षण, प्रयोग र विकास गरी जीवनस्तरमा सुधार ल्याउनका लागि उद्यमशीलता विकास र प्रविधि स्तरोन्नतिमा सहयोग उपलब्ध गराउने लक्ष्यले मिति २०८२/०९/१४ को गोरखापत्रमा सम्वन्धित लाभग्राहीलाइ फारम भर्न प्रतिष्ठानले सूचना प्रकाशित गरेकोछ। लक्षित लाभग्राहिहरुले अनलाइन मार्फत https://bams.iedi.gov.np मा गएर फारम भर्न सक्ने तथा प्रतिष्ठानको वेवसाइट https://iedi.gov.np मा गएर फारम डाउनलोड गरि भौतिक रुपमै प्रतिष्ठानमा उपस्थित भई आवेदन पेश गर्न सक्ने व्यवस्था प्रतिष्ठानले गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ। तहाँ मन्त्रालय, अन्तर्गतका निर्देशनालय, कार्यालयहरु र अन्य सरोकार निकायहरुमा भगत सर्वजित शिल्प उद्यम विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन सम्वन्धी सूचना सम्प्रेषण गरी दिनुहुन सादर अनुरोध गर्दछु।

श्री उद्योग महाशाखा

८२/९/१६

दर्ता नं.: ५५८

मिति: ०८२/०९/१६

इ. उमेश कुमार गुप्ता

कार्यकारी निर्देशक

श्री उद्योग शाखा